आज मिति २०८३ साल भाद्र २५ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८३/८४ को दोश्रो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | रमेश घर्ति | सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | अतित खनाल | इन्जिनियर (प्र. वि. शा.) | |
| २ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| ३ | सृजन मिश्र | सू. प्र. अ. | |
| ४ | | | |

## नगर-कार्यपालिकाको मिति २०८३/५/२५ गतेको आ.व. २०८२/८३ को दोश्रो बैठकको निर्णयहरु :

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८३/०४/१४ गते बसेको आ.व. २०८३/८४ को पहिलो बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं २**

मिति २०८३ भाद्र १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण ठूलो संख्यामा जनधनको क्षति भएको, कैयौं घरपरिवार विस्थापित भएको तथा भौतिक संरचनामा पुगेको अपूरणीय क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै बाढीमा परी ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली एवम् शोकसन्तप्त परिवारजनप्रति भावपूर्ण समवेदना व्यक्त गर्दछौं । साथै बाढीका कारण घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । यस नगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुबाट श्रेणीविहिन सरहको २ दिन, सहायक स्तरको ५ दिन र अधिकृतस्तरको ७ दिनको पारिश्रमिक, जनप्रतिनिधिहरुको १० दिनको पारिश्रमिक तथा मा.वि शिक्षकको ७ दिन, प्रावि/नि.मा.वि शिक्षकको ५ दिन र बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको २ दिनको पारिश्रमिक प्रधानमन्त्री राहत कोषमा सहयोग रकम जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सुन्दरबजार नगरपालिका वडा नं ७ वडा समितिको सिफारिस अनुसार सो वडाले बालमैत्री र पोषणमैत्री वडा घोषणाको लागि आवश्यक सूचक पुरा गरेकोले सो सूचकहरुको अनुगमनका लागि पोषणमैत्री स्थानीय शासन सम्बन्धी जिल्ला स्तरीय अनुगमन तथा सिफारिस समिति र बालमैत्री स्थानीय शासन जिल्ला स्तरीय अनुगमन समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं ४**

कार्यालय पेश भएको यस नगरपालिका भित्र निर्माणाधिन योजनाहरुको कार्य प्रगतिको अवस्थाको समीक्षा गरियो ।

तपशिल

| S.N | Name of project | Estimated Amount | Bid Brice | Upto now Progress | Progress Percentage | Remaining Amount | Asar masanta samma | Until today |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Manakamana hattigade sadak, Campus gate fedikuna iseluchaur sadak, Namuna aspatal sadak marmat | 4,008,996.38 | 4,002,050.77 | - | - | 4,002,050.77 | Sadak Board | not complete |
| 2 | Teramure chautara salimaryang hudai paire sadak | 16,101,711.89 | 12,336,698.62 | 2,310,507.68 | 18.73 | 10,026,190.94 | samapurak pradesh | not completed |
| 3 | Tilak ismriti gate hanuman chowk kuncha sadak marmat | 1,506,515.15 | 1,451,512.25 | - | 95%(bill uthauna baki) | 1,451,512.25 | Sadak Board | Completed |

२०८३।०५।२५

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| S.N | Name of project | Estimated Amount | Bid Brice | Upto now Progress | Progress Percentage | Remaining Amount | Asar masanta samma | Until today |
|---|---|---|---|---|---|---|---|---|
| 4 | Lekhpani Pahiro Niyantran oda no-1 and 2 | 14,482,439.17 | 10,122,507.50 | 3,604,613.11 | 35.61 | 6,517,894.39 | Samapurak sangh | not Completed |
| 5 | Sana Sinchai prabardan karyakram oda no-3,5,9 | 2,975,982.58 | 2,404,165.98 | 1,500,040.78 | 62.39 | 904,125.20 | Sa.sarta. | not completed |
| 6 | Cihanpata Dugda tatha tarkari sankalan kendra Nirman, Su. Na. Pa. -03, Lamjung | 2,935,623.04 | 1,868,562.54 | 1,444,322.95 | 77.30 | 424,239.59 | Sa.sarta. | Completed |
| 7 | khahare gahahate sadak ra machhapuchre culvert daya baya dhalan marmat | 1,046,065.54 | 1,010,799.34 | 998,930.75 | 98.83 | | Completed | Completed |
| 8 | Bhagirathi mandir jane sidi nirman + ward no 10 compound wall | 969,654.29 | 898,028.78 | 863,714.65 | 96.18 | | Completed | Completed |
| 9 | Satrasaya Archalyani chyanpata sindure bakrejagat sadak khanda, Su. Na. Pa. -03, Lamjung | 5,592,712.62 | 3,779,118.40 | 3,515,594.87 | 93.03 | | Completed | Completed |
| 10 | Koiralafat dhuseni Mallakuri sadak | 1,370,947.30 | 1,082,351.93 | 1,057,801.04 | 97.73 | | Completed | Completed |
| 11 | Construction of Sundarbazar Municipality ward office-02 | 12,831,019.58 | 9,440,724.94 | 8,109,535.39 | 85.90 | | Completed | Completed |
| 12 | Chandreswor hospital (15 bed Hospital) | 180682000.0 | 10,57,66,979.48 | 27034039.95 | 25.56 | | **not complete** | **not complete** |

२०८२/०८/१२

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

रमेश थापा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ५**

आर्थिक वर्ष २०८१/०८२ मा अद्यावधिक गरिएको प्रारम्भीक वातावरणीय परिक्षण अनुसार तपशिल अनुसारको घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन्का लागि आर्थिक ऐन २०८३(गण्डकी प्रदेश) बमोजिम प्रतिघनफिट ८ रुपैयाँका दरले ठेक्का सूचना प्रकाशन गर्ने । साथै आ व २०८३/८४ को लागि प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने सम्बन्धमा हाल नदीको उच्च वहावको अवस्था रहेकोले नदीजन्य पदार्थको यथार्थ अवस्था एकीन गर्न असहज हुने भएकोले विगतको प्रारम्भीक वातावरणीय परिक्षणको परिमाणलाई आधार मानी सूचना प्रकाशन गर्ने र नदीको बहाब कम भए पश्चात नयाँ प्रारम्भीक वातावरणीय परिक्षण गर्ने ।

तपशिल

| सि.नं | उत्खनन्/संकलन क्षेत्र | नदी/खोला/वडा नं | लम्बाई (मि.) | चौडाई ( मि.) | उत्खनन् योग्य गहिराई | उत्खनन् आयतन (घ.मि.) | न्यूनतम रकम रु (मु.अ.क बाहेक) |
|---|---|---|---|---|---|---|---|
| १ | रमाईलो घाट १ | मर्स्याङ्दी/७ | ६० | २० | ०.५ | ६०० | ३,४९,३३८ |
| | रमाईलो घाट २ | | ५० | २० | ०.५ | ५०० | |
| २ | त्रिवेणी घाट | मर्स्याङ्दी/८ | २८० | ५० | ०.५ | ७००० | २२,०२,०६० |
| ३ | सुन्तलेटार घाट | नाउँदी/२ | २०० | १० | ०.५ | १००० | ३,१७,५८० |
| ४ | सत्रसय घाट | पाउँदी/२ र ४ | ३०० | ३० | ०.५ | ४५०० | १४,२९,११० |
| ५ | मिलन बस्ती घाट | पाउँदी/३ र ४ | २८० | ५ | ०.५ | ७०० | २,२२,३०६ |

**निर्णय नं ६**

फोहोरमैला व्यवस्थापनको लागि जडान भएका उपकरणहरु मर्मत गरी पूर्ण रुपमा परीक्षण भए पश्चात सो को लागत विश्लेषण गरी सो को व्यवस्थापन हुने गरी हाल साविक बमोजिमको शुल्क कायम रहने गरी नयाँ ठेक्का सूचना प्रकाशन गरी फोहोरमैला व्यवस्थापन गर्ने ।

**विविध प्रस्तावहरुको निर्णय :**

१. यस नगरपालिका वडा नं ६ मा रहेको बहखोला शिरमा गएको पहिरोको कारण खत्रीठाँटी वरपरका वस्तिहरु जेखिममा परेको हुँदा उक्त स्थानको भुगर्भ अध्ययनका लागि पूँजीगत अनुसन्धान तथा परामर्श सेवा शीर्षकमा विनियोजित वजेटबाट रु ४ लाख विनियोजन गर्ने ।

२. यस नगरपालिका वडा नं ७, तार्कुटारमा रहेको सुन्दरबजार अस्पताललाई बिहान ७ बजे देखि बेलुका ७ बजे सम्म सञ्चालनका लागि अनुमति प्रदान माग भएको हुँदा मौजुदा जनशक्ति लगाएतको स्रोत साधनको व्यवस्थापन र परिचालन अस्पताल व्यवस्थापन समितिबाट हुने गरी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

३. यस नगरपालिकामा वडा नं ३ मा निर्माणाधिन तरकारी संकलन केन्द्र नजिक गएको पहिरो नियन्त्रणका रु २ लाख ५० हजार विपद व्यवस्थापन कोषबाट विनियोजन गर्ने ।

४. भारतीय सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तर्गत यस नगरपालिका वडा नं ५ मा रहेको विद्याज्योती माध्यमिक विद्यालयको भवन निर्माणका लागि डि पि आर गर्न रु २ लाख विनियोजन गर्ने ।

५. यस नगरपालिका सञ्चालनमा रहेको हाडेटार सिँचाई नगर हेरालुका दुई जना हेरालुका लागि मासिक १५ हजारका दरले ३ महिनाको ज्याला करार सेवा शुल्क शीर्षकबाट भुक्तानी दिने ।

६. यस नगरपालिका वडा नं ६ को हल व्यवस्थापनको लागि प्राविधिक लागत अनुमान तयार गरी हल मर्मत सुधार गर्ने ।

७. सुन्दरबजार नगरपालिकामा कार्यरत तपशिल बमोजिमका स्वास्थ्य सेवाका कर्मचारीलाई स्नातक तहको एकीकृत परीक्षा (MECEE–BL २०२७) को सूचना अनुसार जनस्वास्थ्य संकाय (BPH) को प्रवेश परीक्षामा सहभागी हुन पूर्व स्वीकृति प्रदान गर्ने :

**तपशिल**

क.पवन कुमार गुप्ता , हेल्थ असिस्टेन्ट
ख.सन्जु कार्की, अ.हे.ब
ग.मनिसरा खाम्चा मगर ,अ.हे.ब
घ.संजय के.सी , अ .हे.ब

८. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८३ बमोजिम वडाबाट पहिचान तथा प्रमाणीकरण भएका तपशिल अनुसार भूमिहीनको बिबरण स्वीकृत गरि प्रमाणिकरण प्रतिबेदन जिल्ला समितिमा पठाउने ।

तपशिल

| क्र.स | नाम,थर | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | पुतली सार्की | ३ | भूमिहीन दलित |
| २ | हरि बहादुर दुरा | ३ | भूमिहीन |
| ३ | देब बहादुर घर्ति | ३ | भूमिहीन |
| ४ | सोम बहादुर गुरुङ्ग | ७ | भूमिहीन |

२०८३।०८।२५

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| क.स | नाम,थर | वडा नं | कैफियत |
|---|---|---|---|
| ५ | केदार पन्त | ७ | भूमिहीन |
| ६ | बद्रि बहादुर भन्ने अमर बहादुर पन्त | ७ | भूमिहीन |
| ७ | राज कुमार बि.क | ७ | भूमिहीन दलित |
| ८ | भिम बहादुर गुरुङ्ग | ७ | भूमिहीन |
| ९ | लेख नाथ गौली | ७ | भूमिहीन |
| अव्यवस्थित | | | |
| १ | राधा बहादुर तामाङ्ग | ६ | अब्यबस्थित |
| २ | मंगल सिङ तामाङ्ग | ६ | अब्यबस्थित |
| ३ | गणेश गौली | ७ | अब्यबस्थित |
| ४ | नुर माया सुनार | ७ | अब्यबस्थित |
| ५ | रामचन्द्र गौली | ७ | अब्यबस्थित |
| ६ | विष्णुहरि गौली | ७ | अब्यबस्थित |
| ७ | रुद्रनाथ गौली | ७ | अब्यबस्थित |
| ८ | द्वारिका पन्त | ७ | अब्यबस्थित |
| ९ | नन्दराम कडेल | ७ | अब्यबस्थित |

२०८२।०६।२८

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

| क.स | नाम,थर | वडा नं | कैफियत |
|---|---|---|---|
| १० | सुनिल राउत | ७ | अव्यबस्थित |
| ११ | लाल बहादुर गुरुङ्ग | ७ | अव्यबस्थित |
| १२ | मिना कुमारी श्रेष्ठ | ७ | अव्यबस्थित |

९. नगरपालिकामा कार्यरत देहायका कर्मचारीको स्थानीय सेवा (गठन तथा संचालन) नियमावली,२०८० बमोजिम मिति २०८३ साल श्रावण १ गते देखि लागू हुने एक (१) वर्षको लागि असाधारण बिदा स्वीकृत गर्ने ।

तपशिल

| क.स | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | प्रशान्त मिश्र | मेडिकल अधिकृत(आठौ तह) | नियम ११२ (३)अनुसार |
| २ | सविना बस्याल | वरिस्ठ सब-इन्जिनियर(छैटौ तह) | थप गरिएको/ नियम ११२ (१) अनुसार |

१०. सुन्दरबजार नगरपालिका नगरकार्यपालिकाको निर्णय अनुसार सुन्दरबजार नगरपालिकाको भवन अभिलेखीकरण कार्यविधि, २०७८ बमोजिम नगरपालिका भित्र निर्माण भएका घर अभिलेखीकरण/कायमका लागि सूचना प्रकाशन निवेदन संकलन गरिएको तर भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रुपमा कार्यान्वय हुन, असुरक्षित र नियम विपरितका भवनहरुलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्नु भनी निर्देशन भए पश्चात भवन अभिलेखिकरण कार्य स्थगन गरिएकोले निवेदकहरुबाट माग भएमा घर अभिलेखिकरण किताव दस्तुर वा सो वापतको राजस्व रकम फिर्ता गर्ने ।

११ यस नगरपालिका वडा नं ७ निवासि कृष्ण बहादुर अधिकारी र वडा नं ४ निवासि राजकुमार परियारलाई क्यान्सर उपचार खर्च बापत प्रति व्यक्ति रु २५ हजार उपचार सहयोग उपलब्ध गराउने ।

२०८३।०५।१८

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद कोइराला
नगर प्रमुख

१२. स्थानीय तह कार्यसम्पादन मूल्याङ्कनमा दिगो सुधारको लागि तयार गरिएको तपशिल अनुसारको समष्टिगत कार्ययोजना पारित गर्ने ।

तपशिल

| क.सं. | बिषयक्षेत्र/उपक्षेत्र | सूचक | सुधारका लागी गर्नुपर्ने क्रियाकलाप | अनुमानित लागत | समयाबधि | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक बिकास | बिधालयको स्तरीकरण | संघ तथा प्रदेशको कानुनबमोजिम स्तरीकृत गर्नुपर्ने | रु.५ लाख | ६ महिना भित्र | शिक्षा शाखा |
| २ | सामाजिक बिकास | बिबाद निरुपण तथा मेलमिलाप | वडास्तरीय मेलमिलाप समिति गठन गर्ने | रु.३ लाख | ३ महिना भित्र | न्यायिक समितिको सचिवालय |
| ३ | पूर्वाधार बिकास | स्थानीय पूर्वाधार संरक्षण तथा उपयोग व्यवस्थापन समिति | गठन गरी नियमित रुपमा सक्रिय बनाउने | सामान्य | १ महिनाभित्र | पूर्वाधार बिकास शाखा |
| ४ | सुशासन तथा संस्थागत बिकास | शासकीय प्रबन्ध | कर्मचारी तथा जनप्रतिनिधि क्षमता बिकास | रु.२० लाख | ३ महिनाभित्र | प्रशासन शाखा |

१३. यस नगरपालिकालाई विपक्षी बनाई सु न पा २ निवासी सुक बहादुर श्रेष्ठले दायर गरेको मुद्धामा कानून सहायता प्रदान गरे बापत रु ३५ हजार दवाडी ल एशासिएट्सलाई भुक्तानी दिने ।

१४. आर्थिक वर्ष २०८३/०८४ का लागि बेरोजगार सूचीमा सूचिकृत हुन नगरपालिकाको सूचना अनुसार बेरोजगारहरुले सम्बन्धित वडामा दिएको निवेदनको आधारमा रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी तपसिल बमोजिमका व्यक्तिहरुलाई स्थानीय तहमा सुचिकृत गर्ने ।

**तपसिल**

| वडा नं. | सुचिकृत बेरोजगारको संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| १ | २३ | २३ | ४६ | |
| २ | १०० | ४० | १४० | |
| ३ | १२८ | १०५ | २३३ | |
| ४ | ५६ | ५१ | १०७ | |
| ५ | ४६ | २८ | ७४ | |
| ६ | २३ | २९ | ५२ | |
| ७ | ३८ | ३७ | ७५ | |
| ८ | १७ | २८ | ४५ | |
| ९ | ३० | १८ | ४८ | |
| १० | ५ | २४ | २९ | |
| ११ | ३२ | १८ | ५० | |
| जम्मा | ४९८ | ४०१ | ८९९ | |

२०८२।०५।२५

२०८२।०५।२५